# समुदायमा हस्तान्तरण भएका विद्यालयमा देखिएका परिवर्तनहरु

शिक्षाशास्त्र संकाय स्नातकोत्तर तह, द्वितीय वर्ष, पाठ्यक्रम तथा मूल्याङ्कन

विशिष्टिकरण विषयको आंशिक आवश्यकता

पूरा गर्नको लागि प्रस्तुत

शोधपत्र


प्रस्तुतकर्ता

प्रकाश राई

परीक्षा रोल नं : २८००८८/२०६६

त्रि.वि. दर्ता नं : ९-२-२१-३१०-२००३

त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र केन्द्रीय, विभाग

कीर्तिपुर, काठमाडौं


२०६८

**त्रिभुवन विश्वविद्यालय**

**शिक्षाशास्त्र केन्द्रीय विभाग**

**पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षण विभाग**

**कीर्तिपुर, काठमाडौं**

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौंमा स्नातकोत्तर तह, दोस्रो वर्ष, पाठ्यक्रम तथा मूल्यांकन विशिष्टिकरण विषयका छात्र प्रकाश राईले **समुदायमा हस्तान्तरण भएका विद्यालयमा देखिएका परिवर्तनहरु** शीर्षकको शोधपत्र मेरो निर्देशनमा रही तयार पार्नु भएको हो । उहाँको यस शोधपत्र अन्तिम मूल्यांकनका लागि मूल्याङ्कन समिति समक्ष पेश गर्न सिफारिस गर्दछु ।

....................................

चोलाकान्त घिमिरे

(शोध निर्देशक)

मिति : २०६८/०४/३२

**त्रिभुवन विश्वविद्यालय**

**शिक्षाशास्त्र केन्द्रीय विभाग**

**पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षण विभाग**

**कीर्तिपुर, काठमाडौं**

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर, स्नातकोत्तर तह, दोस्रो वर्ष, पाठ्यक्रम तथा मूल्यांकन विशिष्टिकरण विषयको आंशिक आवश्यकता परिपूर्तिका लागि **समुदायमा हस्तान्तरण भएका विद्यालयमा देखिएका परिवर्तनहरु** शीर्षकमा प्रकाश राईद्वारा तयार पारी  आवश्यक मूल्यांकनका लागि यस मूल्यांकन समितिमा पेश गर्नुभएको शोधपत्र स्वीकृत गरिएको छ ।

| **मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
|---|---|
| प्रा. स्वयम्प्रकाश ज.व.रा.<br>(विभागीय प्रमुख)<br>पाठ्यक्रम तथा मूल्याङ्कन विभाग | ............................ |
| शि.स. चोलाकान्त घिमिरे<br>( शोधनिर्देशक)<br>शिक्षा आधार विभाग | ............................ |
| उप-प्रा. शिवराज बढू<br>(वाह्य परीक्षक)<br>पाठ्यक्रम तथा मूल्याङ्कन विभाग | ............................ |

मिति : २०६८/०५/०६

## कृतज्ञता ज्ञापन

प्रस्तुत **समुदायमा हस्तान्तरण भएका विद्यालयमा देखिएका परिवर्तनहरु** शीर्षकको शोधपत्रको शुरुदेखि अन्त्यसम्म आफनो अमूल्य समय दिइ निर्देशन, सुझाव दिनु हुने आदरणीय शिक्षक श्री चोलाकान्त घिमिरे ज्यू प्रति आभार व्यक्त गर्दछु । यस शोधपत्र तयारीको क्रममा आवश्यक सुझाव प्रदान गरी अनुसन्धान गर्ने अवसर दिनुहुने तत्कालिन विभागीय प्रमुख प्रा. डा. तीर्थराज पराजुली तथा शोधप्रस्तावना पूरा गर्न सहयोग पुऱ्याउनु हुने सह-प्रा. नारायण बस्नेत, उप-प्रा. किरणराम रञ्जितकार र उप-प्रा. शिवराज वढू ज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

शोधपत्रको क्रममा आवश्यक सूचना उपलब्ध गराइ सहयोग पुऱ्याउनु हुने उदयपुर जिल्ला शिक्षा कार्यालयका जि.शि.अ. खडानन्द पराजुली, स्रोत केन्द्र देउरीका स्रोत व्यक्ति काजी बहादुर बस्नेत, श्री सत्यदेवी मा.वि.का प्रधानाध्यापक तिलकबहादुर कटुवाल, सहायक प्रधानाध्यापक राजकुमार कार्की, वि.व्य.स. अध्यक्ष, शिक्षकहरु, विद्यार्थीहरु सम्पूर्णमा सहयोगका लागि धन्यवाद ज्ञापन गर्न चाहन्छु । त्यस्तै लेखन क्रममा अमुल्य समय उपलब्ध गराइ सहयोग पुऱ्याई दिनु हुने श्री विणा मा.वि., लिकुवापोखरी-७, खोटाङका प्र.अ. महेश प्रसाद दाहाल, सहायक प्र.अ. नेत्र विनोद दाहाल, वि.व्य.स. अध्यक्ष विमन राई, शिक्षक तथा विद्यार्थीहरु सम्पूर्णमा पनि हृदय देखि नै आभारी छु । आफ्नो अथक प्रयास र प्रेरणा प्रदान गरी मलाई आधारभूत तहदेखि उच्च तहसम्म शिक्षा दिई डोऱ्याउनु हुने पुजनीय पिता डिकबहादुर राई र ममतामयी माता लक्ष्मी राई तथा आदरणीय दाजु दिदीहरु, श्रदेय गुरुज्यूहरु, बहिनी प्रति सदैव ऋणी छु । शोधपत्र लेखन कार्यमा थप हौसला प्रदान गर्ने साथीहरु प्रकाश बुढाथोकी, राजकुमार कार्की, खेमराज निरौला, पुष्प प्रसाद दाहाल, डिल्लीबहादुर थापा, हिराबहादुर बोहरा र शुस्मा राई प्रति विशेष धन्यवाद दिन चाहन्छु । त्यस्तैगरी लेखन कार्यमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने मेरा सहपाठी साथीहरु प्रति आभार प्रकट गर्दछु ।

शोधपत्रलाई मूर्त रुप प्रदान गर्न कम्प्युटर टंकन गरी सहयोग पुऱ्याउने कीर्तिपुर नयाँबजार स्थित युनिक कम्प्युटर एजुकेशन, कीर्तिपुरका उकेश मचामसीलाई धन्यवाद दिन चाहन्छु ।

**प्रकाश राई**

# शोध सार

शैक्षिक विकेन्द्रिकरणको राष्ट्रिय नीतिलाई व्यवहारमा उतार्न तथा सरोकारवालाहरुको सार्थक सहभागिताबाट विद्यालय व्यवस्थापन सुदृढ बनाई शैक्षिक गुणस्तर बृद्धि गर्ने उद्देश्यले सामुदायिक विद्यालयको व्यवस्थापकीय जिम्मेवारी स्थानीय समुदायलाई दिँदै जाने सरकारी नीति अनुरुप समुदायद्वारा  विद्यालय व्यवस्थापन जिम्मा लिने कार्य तिब्र गतिमा अघि बढी रहेको वर्तमान सन्दर्भमा समुदायद्वारा व्यवस्थित विद्यालयहरुमा अपेक्षित परिवर्तन आउन सकेको छ वा छैन ? भन्ने विषयमा खोज गर्नु समसामयिक र आवश्यक हुँदा 'समुदायमा हस्तान्तरण भएका विद्यालयमा देखिएका परिवर्तनहरु' भन्ने शीर्षकमा प्रस्तुत शोध अध्ययन गरिएको थियो ।

समुदायमा हस्तान्तरण भएका विद्यालयको लगानी, प्रक्रिया र उत्पादन पक्षको साथै समुदाय र विद्यालयको आपसी सम्बन्धको पक्षमा आएको परिवर्तनको खोजी गर्ने तथा व्यवस्थापन कार्यमा देखिएका समस्याहरु पहिचान गरी समाधानका उपाय पत्ता लगाउने मुख्य उद्देश्यले शुरु गरिएको यो अध्ययन पूर्णतया सर्वेक्षण विधिमा आधारित छ । नमूना छनोट गर्ने क्रममा सुविधानजनक विधिबाट पूर्वाञ्चल विकास क्षेत्रको उदयपुर जिल्ला अन्तर्गत देउरी स्रोतकेन्द्रको श्री सत्यदेवी मा.वि. छनोट गरिएको थियो । समुदायद्वारा व्यवस्थापन जिम्मा लिनु अघि र पछिका चार/चार शैक्षिक सत्रको विद्यालय अभिलेख र दस्तावेज अध्ययन तथा कार्यक्रमसँग प्रत्यक्ष सरोकार राख्ने व्यक्तिहरु जिल्ला शिक्षा अधिकारी, स्रोत व्यक्ति, शिक्षक अभिभावक संघ अध्यक्ष,  विद्यालय व्यवस्थापन समिति अध्यक्ष, अभिभावक, प्रधानाध्यापक, शिक्षक र विद्यार्थीहरुसँगको खुल्ला अन्तर्वार्ता र प्रश्नावलीको माध्यमबाट आवश्यक सूचनाहरु संकलन गरिएको थियो ।

समुदायमा हस्तान्तरण भएका विद्यालयमा गरिएको अध्ययन अनुसार विद्यालयमा विद्यार्थी भर्ना, उपस्थिति, उत्तीर्ण दर र विषयगत र शैक्षिक उपलब्धि स्तर बढेको, कक्षा दोहोर्‍याउने र छोड्ने दरमा कमी आएको, शिक्षक संख्या, उपस्थिति र नियमितता बढेको, कक्षा कोठा, फर्निचर, शौचालय, प्रयोगशाला र पुस्तकालयको सुविधा बृद्धि भएको, स्थानिय स्रोत साधनको परिचालनमा बृद्धि भई आर्थिक स्थितिमा सुधार आएको, विद्यालय प्रशासन सुदृढ भएको, सरोकारवालाहरुको संलग्नतामा विद्यालयको योजना बन्ने गरेको, विद्यालय प्रति अभिभावकहरुमा चासो र अपनत्वको भावना विकास भएको र विद्यालय गतिविधिमा पारदर्शिता बढेको पाइयो । अभिभावकहरुमा शैक्षिक चेतनाको अभाव, वि.व्य.स. पदाधिकारीहरुमा कार्यसम्पादन क्षमताको कमी, विद्यालयमा पर्याप्त र भरपर्दो आर्थिक स्रोतको अभाव, शिक्षक वर्गमा आफ्नो सेवा, सुविधाको ग्यारेन्टी सम्बन्धी अन्यौल, कार्यक्रमको उद्देश्य र औचित्य बारे अधिकांश अभिभावकहरु अनभिज्ञ तथा विद्यालयको कार्यान्वयन पक्ष कमजोर हुनु प्रमुख समस्याको रुपमा पाइयो । कार्यक्रमको प्रभावकारिता बढाउन वि.व्य.स.को क्षमता अभिवृद्धि गर्न

तालिम दिनुपर्ने, शैक्षिक जागरण कार्यक्रम सञ्चालन गर्नुपर्ने, राम्रो काम गर्नेलाई पुरस्कारको व्यवस्था गरी अन्यलाई पनि राम्रो गर्न प्रेरणा दिनुपर्ने, कक्षा छोड्ने र दोहोर्‍याउने दर घटाउन आवश्यक चेतनामुलक कार्यक्रम जस्तै कविता, नाटक, वक्तृत्वकला, आदि कार्यक्रम गरिनु पर्ने तथा विद्यालयको पहुँच भन्दा बाहिर रहेका बालबालिकालाई विद्यालयमा भर्ना गराउन घरदैलो भर्ना अभियान, विशेष छात्रवृत्ति कोटा, आदि जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने सान्दर्भिक सुझावहरु प्राप्त भएका छन् ।

# विषय सूची


पृष्ठ

सिफारिस पत्र i
स्वीकृति पत्र ii
कृतज्ञताज्ञापन iii
शोधसार iv
विषय सूची vi
तालिका सूची ix
संक्षिप्त शब्दावलीहरुको सूचि x

अध्याय एक
परिचय

१..१ अध्ययनको पृष्ठभूमि १
१.२. अध्ययन क्षेत्रको पृष्ठभूमि ४
१.३. समस्याको कथन ५
१.४. अध्ययनको औचित्य ७
१.५. अध्ययनको उद्देश्य ७
१.६. अध्ययनको सिमाङ्कन ८
१.७. शब्दावलीको परिभाषा ८

अध्याय दुई
पूर्व साहित्यको समीक्षा

२.१. सैद्धान्तिक साहित्य ९
२.२. विषयगत साहित्यको पुनरावलोकन ९
२.३. अवधारणात्मक ढाँचा १४

अध्याय तीन
अध्ययन विधि

३.१. अनुसन्धान ढाँचा १५
३.२. अध्ययनको क्षेत्र र जनसंख्या १५
३.३. नमूना छनौट विधि १६
३.३.१. जिल्ला छनोट १६
३.३.२. स्रोत केन्द्र छनोट १६
३.३.३. विद्यालयको छनोट १६
३.३.४. सूचनादाताहरुको छनोट १६
३.४. साधनहरुको निर्माण १७
३.४.१. खुल्ला अन्तर्वाता सूची १७

३.४.२ खुल्ला प्रश्नावली १८
३.५. साधनको वैद्यता १८
३.६. सूचना संकलन प्रक्रिया १८
३.७. तथ्यांकको विश्लेषण प्रक्रिया १९
३.८. नैतिक पक्ष १९

**अध्याय चार**

**तथ्यांकको विश्लेषण र व्याख्या**

४.१. समुदायमा हस्तान्तरण भएका विद्यालय प्रणालीमा देखिएका परिवर्तनहरु २०
४.१.१. समुदायमा हस्तान्तरण भएका विद्यालयको लगानीमा देखिएका परिवर्तनहरु २१
४.१.२. समुदायमा हस्तान्तरण भएका विद्यालयको प्रक्रियामा देखिएका परिवर्तनहरु २४
४.१.३. समुदायमा हस्तान्तरण भएका विद्यालयको उत्पादनमा देखिएका परिवर्तनहरु २५
४.२. समुदाय र विद्यालयको आपसी सम्बन्धमा देखिएको परिवर्तनहरु २९
४.३. विद्यालय व्यवस्थापनमा देखिएका समस्याहरु ३१

**अध्याय पाँच**

**प्राप्ति, निष्कर्ष र सुझाव**

५.१. प्राप्ति ३३
५.१.१. प्रणालीगत परिवर्तनहरु ३३
५.१.२. समुदाय र विद्यालयको आपसी सम्बन्धसँग सम्बन्धित ३६
५.१.३. विद्यालय व्यवस्थापनमा देखिएका समस्याहरु ३६
५.२. निष्कर्ष ३७
५.३. सुझावहरु ३८
**सन्दर्भ सूचि** **४०-४१**
**अनुसूचिहरु**
अनुसूचि १ जि.शि.अ./स्रोत व्यक्तिको लागि खुल्ला प्रश्नावली 1
अनुसूचि २ वि.व्य.स./शि.अ.सं. अध्यक्षको लागि अन्तर्वार्ता अनुसूचि 2
अनुसूचि ३ अभिभावकका लागि अन्तर्वार्ता अनुसूचि 5
अनुसूचि ४ प्रधानाध्यापकका लागि अन्तर्वार्ता अनुसूचि 8
अनुसूचि ५ शिक्षकका लागि अन्तर्वार्ता अनुसूचि 12
अनुसूचि ६ विद्यार्थीका लागि अन्तर्वार्ता अनुसूचि 14
अनुसूचि ७ छनोटमा परेको विद्यालयको शिक्षक विवरण 15
अनुसूचि ८ छनोटमा परेको विद्यालयको वि.व्य.स. परिवार 16

# तालिका सूची


तालिका नं ३.१. नमूना छनोट संख्यात्मक विवरण १७

तालिका नं ४.१. छनोटमा परेको विद्यालय विवरण २०

तालिका नं ४.२. समुदायमा हस्तान्तरण भएका विद्यालयको लगानीमा देखिएका परिवर्तन २२

तालिका नं ४.३. समुदायमा हस्तान्तरण भएका विद्यालयको प्रक्रियामा देखिएका परिवर्तनहरु २४

तालिका नं ४.४ समुदायमा हस्तान्तरण भएका विद्यालयको उत्पादन अन्तर्गत विद्यार्थी उपलब्धिमा देखिएका परिवर्तनहरु २६

तालिका नं ४.५. भौतिक विकासमा देखिएका परिवर्तनहरु २७

तालिका नं ४.६ समुदायमा हस्तान्तरण भएका विद्यालयको उत्पादन अन्तर्गत आर्थिक पक्षमा देखिएको परिवर्तनहरु २८

तालिका नं ४.७ समुदाय र विद्यालयको आपसी सम्बन्धमा देखिएका परिवर्तनहरु २९

तालिका नं ४.८. विद्यालय व्यवस्थापनमा देखिएका समस्याहरु ३२

# संक्षिप्त शब्दावलीहरुको सूचि

| संक्षिप्त शब्दावली | विस्तृत रुप |
|---|---|
| वि.व्य.स. | विद्यालय व्यस्थापन समिति |
| शि.अ.सं. | शिक्षक अभिभावक संघ |
| जि.शि.अ. | जिल्ला शिक्षा अधिकारी |
| जि.शि.का. | जिल्ला शिक्षा कार्यालय |
| स्रो.व्य. | स्रोत व्यक्ति |
| स्रो. के | स्रोत केन्द्र |
| प्र.अ. | प्रधानाध्यापक |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| मा.वि. | माध्यमिक विद्यालय |
| रा.शि.प. | राष्ट्रिय शिक्षा पद्दति |
| शै.स. | शैक्षिक सत्र |
| शै.व. | शैक्षिक वर्ष |
| अ.कृ.प्र | अतिरिक्त क्रियाकलाप प्रतियोगिता |
| सा.ले.प. | सार्वजनिक लेखा परीक्षण |
| पु. | पुरुष |
| म. | महिला |
| पे. | पेज |